IWMI
International Water Management Institute
सारांश श्रृंखलाहरु
अंक ३५, जुलाई २०१४

# जल नीति संक्षेपमा

यो अनुवादित सारांश अनुसन्धान सामागृीमा आधारित छ।

अनुसन्धानमा आधारित ज्ञानलाई व्यवहारमा राख्दै

P

# जलवायु र गैर-जलवायु परिवर्तनका कारण कोशी तथा गंगातटीय क्षेत्रका महिलाहरु जोखिममा



जलवायु परिवर्तनले एसियाका कृषकहरुमा नकारात्मक असर पारेको छ र यसको जोखिम प्रायः लैंगिक प्रकृतिको छ। इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युट (आईडब्लुएमआई) ले बिहारको मधुवनी र नेपालको तराई-मधेश क्षेत्रमा पर्ने धनुषा र मोरङ जिल्लामा गरेको अनुसन्धानले यस क्षेत्रका पहिलेका आधिकारिक सन्दर्भ सामाग्रीहरुमा पाइने  महिला पुरुष भन्दा फरक ढंगले प्रभावित हुन्छन् भन्ने कुरालाई पुष्टि गरेको छ। संक्षेपमा प्रस्तुत गरिएको यस नीतिको निष्कर्षले जलवायु परिवर्तनको असर सँधै प्रत्यक्ष नहुने, वातावरणीय तथा गैर-वातावरणीय कारणले लैंगिक जोखिम निम्त्याउने भएकोले सान्दर्भिक नीति परिवर्तनमा जोड दिएको छ।

## मुख्य सन्देश

- ऐतिहासिक सन्दर्भ, आर्थिक र सामाजिक प्रक्रियाका साथै जलवायु परिवर्तनले कृषिमा पर्ने असर र जोखिम निर्धारण गर्दछन्। यी पक्षले जलवायु परिवर्तनको अनुकुलनका लागि अवसरको ढाँचा तय गर्दछन्।
- जलवायु परिवर्तनको असरको रुपमा देखापरेको बसाइँसराइले कामको खोजीमा बसाइँसराइ गर्नेहरु र उनीहरुले छाडेर गएका परिवारका मूलतः महिला सदस्यहरुले सामना गर्नुपर्ने अनेकौं जोखिम उत्पन्न गर्छ। जोखिमको परिणामले महिलाहरुमा कामको थप बोझ पर्नुका साथै लैंगिक दृष्टिकोणले पूर्वाग्रही कर्मचारीतन्त्रबाट राज्यले प्रदान गर्ने सुविधा लिन उनीहरुलाई कठिनाइ भएको पाइन्छ। परिवारको सेवा सुविधा सुनिश्चित गर्नुपर्ने चुनौति पनि उनीहरुलाई छ।
- लैंगिकतामा आधारित जलवायु परिवर्तनको जोखिम मूलतः वर्ग र जातीसँग सम्बन्धित असमानतासँग जोडिएको छ भन्ने विषयमा थप अध्ययन अनुसन्धान जरुरी छ। यस सन्दर्भमा महिला र पुरुषलाई एकै स्थानमा राखेर हेर्न सकिँदैन। उनीहरु कृषि संरचनामा हैसियत अनुसार विभाजित भएका छन्।

## सन्दर्भ

अनुसन्धानका लागि छनौटमा परेका पूर्वीतटीय (कोशी र गंगा) क्षेत्रका नेपाली र भारतीय गाउँका सामाजिक संरचना र भू-स्वामित्व एकदमै तहगत रुपमा विभाजित छ (हेर्नुहोस् बक्स नं.१)। घर भित्रैपनि पितृसत्तात्मक सम्बन्ध कायमै रहेको छ, जहाँ महिलाहरुले खेतीपातीको सबैजसो काम गर्नुपर्छ र उनीहरुले पाउने ज्याला पनि पुरुषको तुलनामा निकै थोरै हुन्छ। साथै पुर्ख्यौली सम्पत्ति र भू-स्वामित्वको अधिकारमा असमानता भोग्नु पर्छ। केही आदिवासी समुदायहरु बाहेक अझैपनि घर परिवारको आर्थिक निर्णय प्रक्रियामा पुरुषकै बर्चस्व छ र सामाजिक क्षेत्रमा महिलाको सहभागितालाई छेकवार लगाइएको छ।

## मख्य निष्कर्ष

### जलवायु र गैर-जलवायु परिवर्तनका असर

- कृषकहरु पछिल्लो समयमा भएका वातावरणीय परिवर्तनका बारेमा सचेत छन्। जलवायु परिवर्तन अन्तर्गत अस्वभाविक रुपमा लामो समयसम्म सुख्खा हुने, वर्षात् ढिलो हुने, अतिवृष्टि, हिउँदमा अत्याधिक चिसो तथा गर्मी याममा अत्याधिक तापक्रम बढ्ने जस्ता वातावरणीय प्रभावहरु पर्छन्। सामान्यतया कृषकहरुले जलवायु परिवर्तन बढ्दो अनिश्चितता र खेतीपातीमा यसले पारेको असरको रुपमा अनुभव गर्छन्।

- कृषकमा परेको वृहत् जलवायु परिवर्तनको असरलाई सँधैजसो वेवास्ता गरिन्छ। डिजेल, रासायनिक मल जस्ता कृषि सामाग्रीको मूल्य वृद्धि र बीऊ जस्ता अत्यावश्यक सामाग्रीमा सीमित पहुँचका कारण पनि कृषिमा असर परेको छ। महंगीका कारण पहिले सामान्य कृषि ज्यालामा निर्भर रहँदै आएका सामान्यस्तरका कृषक र भूमिहीन घरपरिवार पहिलेको ज्यालामा जीविकोपार्जन गर्न सक्ने अवस्थामा छैनन्। यसले उनीहरुलाई गैर-कृषि क्षेत्रमा काम गर्न बाध्य बनाएको छ। पर्याप्त कृषि मजदुरको अभाव र सीमित सामूहिक कृषि कार्य कृषकका लागि थप चुनौति हुन्।

## अनुकुलन रणनीति

जलवायु र गैर-जलवायु परिवर्तनका असरहरुका अनुकुलनलाई वर्गको आधारमा विभाजन गरिएको छ :

- हुनेखाने परिवार स्यालो ट्युबवेल खन्नेदेखि पम्प जोडेर सुख्खा याममा पनि पानीको अभाव पूर्ति गर्नका लागि लगानी गर्न सक्षम छन्। सामान्य र अधियाँ लगाउने खालका कृषकहरु यस्तो लगानी गर्न सक्दैनन् भने अर्कोतर्फ जग्गाधनीले कृषकले उब्जाएको आधा अन्न अधियाँको रुपमा लैजाने भएकाले अरुको अधियाँ लगाउने कृषकले यस्तो सहुलियत पाउन सक्तैनन्।

- सामान्य खालका कृषक र सुकुम्बासीहरुका लागि अनुकुलन रणनीति भनेको उनीहरुको जीविकोपार्जनलाई ज्याला मार्फत् विविधिकरण गर्नु हो। जसले ती घरपरिवारलाई पैसाको स्रोतसम्मको पहुँच स्थापित गराउँछ। घरायसी उपभोग्य सामान र कृषि सामाग्रीको मूल्य बढेर जीविकोपार्जनको खर्च बढेपछि पैसामुखी अर्थतन्त्र बढाउँछ।

- कृषि बाहेक अन्य क्षेत्रमा कामको अवसर सीमित भइरहेको सन्दर्भमा सामान्य एवम् अधियाँ लगाउने कृषक वैदेशिक रोजगारीमा भर पर्न थालेका छन्। जलवायु परिवर्तन र कृषिमा परेको असरको सन्दर्भमा यो सामाजिक परिवर्तन लैंगिक जोखिमको मुख्य कारण हो।

### बक्स नं.१ : नेपाल र भारतका तीन जिल्लामा भू-स्वामित्व

नेपालको धनुषा र भारतको मधुवनीमा रहेका तीन चौथाई घरपरिवार ०.५ हेक्टर भन्दा कम जग्गामा खेतीपाती गर्ने सामान्य कृषक, भूमिहीन कामदार र सुकुम्बासी छन्। उनीहरु मध्ये अधिकांश सीमान्तकृत समुदायका हुन्।

आदिवासीहरुको बाहुल्य रहेको नेपालको मोरङ जिल्लामा गरिएको अध्ययनले खेतीपातीमा आश्रित ४३ प्रतिशत घरपरिवारले अधियाँ अर्थात् भाडामा काम गनुपर्छ। ती मध्ये केहीले खेतीपाती पनि अधियाँमा गर्छन् भने बाँकी ३१ प्रतिशत भूमिहीन सुकुम्बासी छन्।



हिउँदमा हुने अत्याधिक चिसो र बाक्लो कुहिरो जस्ता जलवायु परिवर्तनकाबारे कृषकहरु चिन्तित छन्। यो चिन्तालाई राजनीतिक-आर्थिक पक्षले झन् बढाएको छ। (फोटोः-अनुसन्धान टोली)



कृषि बाहेक अन्य क्षेत्रमा कामको अवसर सीमित भइरहेको सन्दर्भमा सामान्य एवम् अधियाँ लगाउने कृषक वैदेशिक रोजगारीमा भर पर्न थालेका छन् । (फोटोः-अनुसन्धान टोली)

## बसाइँसराइ, जलवायु परिवर्तन र जोखिम

जलवायु र गैर-जलवायु परिवर्तनको प्रभाव स्वरुप पुरुष वैदेशिक रोजगारीको लागि घर छाडेर हिंडेपछि वर्षभरि नै महिलाले खेतबारी र घरायसी कामको दोहोरो जिम्मेवारी बहन गरिरहेका छन् । यसले महिलालाई पुँजी र सामाजिक सहयोगको पहुँचबाट टाढा राखेको छ । यस्तो जोखिम सामान्य र अधियाँ लगाउने घरपरिवारका महिलाहरुमा अधिक छ ।

- *कामको बढ्दो बोझः*–पुरुषहरु लामो समयसम्म घरबाट टाढा भएपछि महिलाहरुको कामको भार बढ्छ । यो समूहमध्ये पनि सबैभन्दा भार गरिव घरपरिवारलाई छ किनभने बाहिरबाट छोटो समयको लागि कृषि मजदुरको खोजी गरी सस्तोमा सम्झौता गर्न उनीहरुलाई गाह्रो छ ।

- *जलवायु परिवर्तनको प्रत्यक्ष जोखिमः*–वातावरणीय घटनाको कारणले प्रायः घरपरिवार सम्हालेका गरिव महिला सबैभन्दा बढी जोखिममा हुन्छन् । उनीहरुको सामाजिक सहयोग सन्जालसम्म पहुँच स्थापित भइसकेको हुँदैन । त्यसैगरी, युवाहरु  कामको खोजीमा बसाइँ सरेपछि नियमित आम्दानीको स्रोतपनि गुम्छ । वैदेशिक रोजगारीमा जानुभन्दा पहिले सबैजसो पुरुषले खेतीपातीको समयमा काम गर्दथे । सन् २०१२ को बाढीपछि बिहारका दलित महिलाहरु श्रीमान् कामको खोजीमा विदेशिएपछि पैसाको आवश्यकता पूर्ति गर्नका लागि जमिन्दारको घरमा काम गर्न बाध्य भएका थिए । श्रम सम्झौतामा मोलतोल गर्ने क्षमता कमजोर भएका कारण उनीहरुले करिब दैनिक नेपाली रु ३८ (०.४ डलर) मा काम गरेका थिए ।

- *लगानीको सीमाः*–पुरुष रोजगारीका लागि अन्यत्रै गएपछि महिलाले जलवायु परिवर्तनको प्रभावलाई व्यवस्थापन गरेर जीवकोपार्जनका लागि पशुपालनमा लगानी गर्न सक्छन् । यद्यपि, लगानीको बाटो भने सहज छैन । घरपरिवारले महिलाले प्राप्त गर्ने नगद नियन्त्रण गर्छन् । अधिकांश महिलासँग भू-स्वामित्व वा जग्गाको सम्झौताको प्रमाणपत्र छैन । जसले गर्दा अधिकांश महिलाहरुको ऋण माथिको पहुँच सहज छैन । नेपालका केही महिलाहरुसँग त नागरिकताको प्रमाणपत्र पनि छैन । कानुन अनुसार नागरिकताको प्रमाणपत्र नहुने घरपरिवारले अन्य दस्तावेज प्राप्त गर्न सक्दैनन् ।

- *सिंचाइमा पहुँचः*–पुरुष रोजगारीका लागि अन्यत्रै गएपछि कृषिमा महिलाहरुले नै उल्लेख्य भूमिका खेलेका भएपनि अनुसन्धान गरिएका जिल्लाहरुमा रहेका सिंचाइ उपभोक्ता समूहमा पुरुषकै बर्चस्व थियो । तसर्थ ती समितिमा महिलाको चासो र चाहनाको प्रतिनिधित्व भएको थिएन । सामान्य खेतीपाती गर्ने घरपरिवारका महिलाहरुको घरमा कृषि औजार नभएकाले ट्युबवेल गाड्ने र पम्प भाडामा लिएर सिंचाइ गर्न पनि सकेका थिएनन् (हेर्नुहोस् बक्स नं.२) । केही महिलाहरुले श्रीमान्को सामाजिक सहयोग सन्जालसँग भेटघाट र पहुँच नभएको कुरा उल्लेख गरे । उनीहरुले अन्य समुदायका महिलाहरुबाट अपमान भोग्नु परेको साथै छिमेकी पुरुषहरुसँग पानी र अन्य स्रोतको पहुँचको माग गर्न असुरक्षित महसुस गरेको बताएका थिए ।

## बक्स नं. २ :–पानीमा कृषकको पहुँच

धनुषामा २ हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती गर्ने १९ प्रतिशत कृषकसँग ट्युबवेल र पम्प छ भने ५ प्रतिशत साना कृषक (जो विशुद्ध अधियाँ लगाउने होइनन्) सँग ट्युबवेल र पम्प छ। त्यसैगरी मधुबनीका १८ प्रतिशत साना र मझ्यौला कृषक र ८ प्रतिशत अधियाँमा काम गर्ने कृषकसँग ट्युबवेल र पम्प छ। अरुको जग्गामा अधियाँ लगाउनेहरुको (भाडामा काम गर्ने) यस्ता कुनैपनि कृषि सामाग्रीमा पहुँच छैन। प्राय: एकाधिकार चल्ने बजारमा सामान्य भाडामा काम गर्ने किसानसँग ट्युबवेल र पम्प लिन नसक्ने भएकाले उनीहरुको सिंचाइमा पनि पहुँच छैन। सामाजिक सन्जालमा पहुँचको कमी र मोलतोल गर्न नसक्ने कमजोर क्षमता भएका कारण यी समुदायका महिलाको सिंचाइसम्मको पहुँच सबैभन्दा ठूलो चुनौति भएको छ।

## महिलालाई जलवायु परिवर्तन अनुकुलनमा सघाउन नीति निर्माताले के गर्न सक्छन् ?

- जल व्यवस्थापन समिति जस्ता निकायमा महिलाको आरक्षण संख्या तोक्ने जस्ता खुद्रे नीति भन्दा पनि केही पृथक गर्नै पर्ने आवश्यकता छ। त्यसका लागि परम्परागतरुपमा महिलाहरुको बर्चस्व नभएका प्रशासनिक र नेतृत्व विकासको बाटो रोजेर सार्वजनिक सहभागिताको क्षेत्रलाई फराकिलो बनाउनु पर्छ।
- गलत भू-स्वामित्व र असमान जमिन्दार-सुकुम्बासी सम्बन्धको दीर्घकालीन राजनीतिक समाधानको खोजीका लागि पूर्वीतटीय (कोशी र गंगा) क्षेत्रका सरकारहरु छलफल र सुधारतिर लाग्नै पर्छ। सीमान्तकृत कृषकको, विशेषत: जोखिममा परेका गरिव महिलाहरुको, भू-अधिकार सुनिश्चितता जलवायु परिवर्तनको समतामूलक अनुकुलनमा आवश्यक छ।
- सस्तो र नवीकरणीय प्रविधिको प्रवर्द्धनले सिंचाइको मूल्य घटाएर महिला एक्लैले चलाएका परिवार सहित सामान्य र अधियाँ लगाउने कृषकको पनि सिंचाइमा पहुँच बिस्तार गर्छ। यद्यपि, सरकारले ऋण सहुलियत दरमा प्रदान गराएर बजारसम्मको पहुँच र पार्टपूर्जा खरिद गर्नेसम्मको आवश्यक सम्बन्ध जोडिदिनु पर्छ।
- सामूहिक भू-स्वामित्व वा सिंचाइका साधनस्रोतको सामूहिक प्रयोग महिला कृषकहरुका लागि समस्या समाधानको संभावित विकल्प हुनसक्छ। यसरी उनीहरुले सामूहिक खेती गरेर वर्षभरि नै लगानी गर्नपनि सक्छन्।
- विभिन्न सामाजिक समूहमा रहेका महिला र पुरुषहरुका दृष्टिकोण र अनुभवलाई नीति निर्मातासम्म पुऱ्याउन सञ्चार माध्ययमले महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

स्रोत:-
यो जल नीति संक्षेप इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युट, काठमाडौं, नेपाले गरेको अनुसन्धानमा आधारित छ।

आईडब्लुएमआईको अनुसन्धान टोलीले अनुसन्धानमा सहयोग पुऱ्याउने सबै व्यक्ति तथा संस्थालाई धेरै धन्यवाद दिन चाहन्छ।

CGIAR | RESEARCH PROGRAM ON Climate Change, Agriculture and Food Security | CCAFS

यो काम जलवायु परिवर्तन, कृषि तथा खाद्य सुरक्षा सम्बन्धी अनुसन्धान कार्यक्रमको एउटा भाग हो। यो अनुसन्धान कार्यक्रम सीजीआईएआर तथा फ्युचर अर्थ्सँगको साझेदारीमा संचालित छ। यस दस्तावेजमा प्रस्तुत विचार-धारणा सीजीआईएआर तथा फ्युचर अर्थको औपचारिक धारणा भने होइन।

*आवरण फोटो :-* अनुसन्धान टोली

इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युट (आईडब्लुएमआई)। २०१४।
*जलवायु र गैर-जलवायु परिवर्तनका कारण कोशी तथा गंगातटीय क्षेत्रका महिलाहरु जोखिममा।*
कोलम्बो, श्रीलंका:- इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युट (आईडब्लुएमआई)। २०१४। पृष्ठ ४। (आईडब्लुएमआई जल नीति संक्षेपमा ३५)। १०.५३३७/२०१४.२३५
/जलवायु परिवर्तन/कृषकहरु/लैंगिकता/महिला/घरधुरी/भू-स्वामित्व/दक्षिण एसिया/भारत/नेपाल
यस जल नीति संक्षेप आईडब्लुएमआईलाई साभार र सूचित गरी प्रयोग गर्न सकिन्छ।

IWMI International Water Management Institute

**आईडब्लुएमआईका सबै प्रकाशनहरु** www.iwmi.org/Publications मा उपलब्ध छ।
यहाँहरुको सुझाव र प्रश्नको लागि, सम्पर्क गनुहोला, IWMI-Publications@cgiar.org
इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युट, पोस्ट बक्स नं.२०७५, कोलम्बो, श्रीलंका, फोन :- ९४-११-२८८००००
**www.iwmi.org**

***यस संस्थाको लक्ष्य जल र भू-स्रोतसाधनलाई खाद्य सुरक्षा, मान्छेहरुको जीविकोपार्जन र वातावरणको दीगो व्यवस्थापन गर्न प्रमाणसहित समाधानका उपायहरु प्रदान गर्नु हो।***